मकवानपुरको बागमती नदीमा १ लाख माछाका भुरा छाडियो। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, ● अंक-१८ ● २०७९ कार्तिक २८ गते सोमबार, ● 14 Nov. 2022, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## 'राजनीतिक दलले युवा नेतृत्व जेसिजबाट सिक्नूपर्छ'-विष्ट

विकास संवाददाता

थाहानगर

थाहानगरलाई 'पर्यटकीय नगर'को रूपमा परिचय स्थापित गर्नका लागि पालिकाले नीतिगतत रूपमै योजना निर्माण गरी कार्यान्वयन गर्ने थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टले बताएका छन् । यसका लागि जिल्लाकै उच्च क्षेत्रमा रहेको दामन सिम्भन्ज्याङ क्षेत्रको खाली जग्गालाई नगरपालिकाको मातहतमा ल्याई ठुला होटल निर्माण गर्न लिजमा दिने योजना रहेको नगर प्रमुख विष्टले बताए। यसका लागि संघ र प्रदेश सरकारसंग आग्रह गरिने विष्टको भनाइ थियो । थाहा नगरपालिकामा क्रियाशील पालुङ जेसिजको जेसीज सप्ताह समापन कार्यक्रममा विष्टले यस्तो बताएका हुन् ।

थाहानगरको चित्लाङ बज्रवाराहीमा पर्यटकहरूको ओइरो लाग्ने गरेको सन्दर्भ सुनाउँदै प्रमुख विष्टले भने-'सिम्भन्ज्याङ दामनदेखि नयाँगाउँसम्मको खाली जग्गालाई नगरपालिकाको मातहतमा ल्याउनसके ठुला होटल तथा रेस्टुरेन्ट व्यावसायीलाई जग्गा भाडामा दिएर थाहामा आउने पाहुनालाई आतिथ्यता दिन सकिन्छ यसका लागि नगरले जिम्मेवार भएर पहल गर्छ, ढुक्क हुनुस् ।' प्रमुख विष्टले विकासमा बजेटसंगै नीतिगत रूपमा थुप्रै काम गर्नुपर्ने आवश्यकता रहेको औल्याउँदै पालिकाले नीति र बजेट दुवैमा सहजीकरण गर्दै काम गर्ने बताए । विकास सबैको सरोकार भएको हुँदा पालुङ जेसिज जस्तो सामाजिक संस्थाले पनि सुभाव दिन र सहकार्य गर्न विष्टले अनुरोध गरे । उनले भने-'म कन्फरटेवल मेयर हुँ, जेसिजबाट देशका राजनैतिक दलहरूले नेतृत्वमा एकपटक मात्र भन्ने कुरा र युवा नेतृत्वको सवाल सिक्नु पर्छ ।' जेसिज सप्ताह कार्यक्रममा अतिथि नेपाल जेसिजका महासचिव तथा विशिष्ट अतिथी कृष्ण सापकोटाले पालुङ जेसिजको सहयोगको सदासर्वदा जीवन्त रहिरहने बताउदै जेसिजमा लाग्नेहरूको महान चाड जेसिज सप्ताह कार्यक्रम भएको उल्लेख गरे ।




पालुङ जेसिज वर्ष २०२२ का अध्यक्ष जयराम खत्रीको अध्यक्षतामा सम्पन्न जेसिज सप्ताह समापन समारोहमा बसामाडी जेसिजका २०२२ का अध्यक्ष चिराग अग्रवाल, मकवानपुरगढी जेसिजका सस्थापक अध्यक्ष पुष्पराज पुडासैनी, नेपाल जेसिजका २०२२ का नोम एडिटर सरोज अधिकारी, थाहानगर उधोग वाणिज्य संघका अध्यक्ष कविराज खत्री, पालुङ जेसिजका संस्थापक अध्यक्ष पुरूषोत्तम ढकाल, थाहा ३ का वडा अध्यक्ष हिरेन्द्र रायमाझी, फरक सोचका अध्यक्ष यादव रायमाझी, कृषि बिकास बैक पालुङ शाखाक प्रमुख नन्दराम अधिकारी, शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक शुदर्शन गुरूङलगायतकाको आतिथ्यता रहेको थियो ।

समापन कार्यक्रमको अवसरमा जेसिज सप्ताहलाई सफल बनाउन सहयोग गर्ने कार्यक्रम संयोजकहरूलाई मायाको चिनो तथा प्रसंसापत्र दिइएको थियो । निरज रायमाझीले संचालन गरेको समापन कार्यक्रममा पालुङ जेसिस वर्ष २०२२ का अध्यक्ष जयराम खत्रीले आफ्नो कार्यकालमा सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद दिए ।

## निर्वाचनका लागि मकवानपुरमा तीन हजार कर्मचारी खटाइयो

◆ विकास संवाददाता

यहि ४ मंसिरमा हुने प्रतिनिधीसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुर जिल्लामा ३ हजार जना कर्मचारी खटाइएको छ । ३ हजार जना कर्मचारी मध्यमा ५ सय जना सहायकस्तरका शिक्षकहरूलाई पनि खटाइएको छ। हेटौंडामा रहेका विभिन्न मन्त्रालय, जिल्ला स्तरका कार्यालय र स्थानीय तहसमेत गरेर २ हजार ५ सय जना कर्मचारी र अरू पाँच सय जना सहायक स्तरका स्थायी शिक्षकहरूलाई चुनावमा खटाइएको मकवानपुरका मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिए ।

मकवानपुरका प्रत्येक मतदान केन्द्रमा निर्वाचनका लागि कर्मचारीहरू खटाइएको हो। स्थानीय तहको चुनावमा भन्दा अहिले प्रदेश र प्रतिनिधीसभाको चुनावमा धेरै कर्मचारी यस जिल्लामा खटिने भएका हुन् । निर्वाचनमा मतदान केन्द्रमा खटिएका कर्मचारीलाई २८ र २९ कात्तिकमा निर्वाचनका सामाग्री जिम्मा लगाएर पठाइउने तयारी भएको निर्वाचन अधिकृतको कार्यालयले गरेको छ ।

हेटौंडा उपमहानगरपालिका क्षेत्रमा उपसचिब स्तरमा मतदान अधिकृत र हेका छन् भने अधिकृत स्तरका सहायक अधिकृत खटिएका छन्। जिल्लाको गाउँ गाउँमा भने अधिकृत तहका मतदान अधिकृत खटाइएको छ भने नायव सुब्बा तहका कर्मचारीलाई सहायक अधिकृतको रूपमा खटाइएको छ । शिक्षकहरूलाई भने सहायक स्तरका कर्मचारीको रूपमा मात्र खटाइएएको उनले बताए ।

यसैबीच चुनावका लागि निर्वाचन अधिकृतको कार्यालयले कार्तिक २६ र २७ गते चुनावमा खटिने निर्वाचन अधिकृत र सहायक अधिकृतलाई तालिम दिएको छ। चुनावमा गर्नुपर्ने सबै कामका विषयमा जानकारी दिएर उनीहरूलाई खटाउन लागिएको मुख्य निर्वाचन अधिकृत निरौलाले बताए ।

जिल्लाका एक सय २ वटै वडाका हरेक मतदान केन्द्रमा खटिने ७ सय २८ जना मतदान अधिकृत र सहायक अधिकृतलाई तालिम दिइएको उनले बताए । उनीहरूलाई २८ र २९ गते मतदानका दिन चाहिने सामाग्री दिएर सम्वन्धीत मतदान केन्द्रमा खटाइने उनले बताए। मंसिरको १ गतेसम्म निर्वाचनका लागि खटाइएका सबै कर्मचारी सम्वन्धीत मतदान केन्द्रमा पुगिसक्नुपर्ने छ ।

यसैबीच मकवानपुर जिल्लामा मात्र ३ हजार २ सय सुरक्षार्की परिचालन गरिने भएको छ। चुनावका लागि जनपथ प्रहरी, म्यादी, ससस्त्र प्रहरी र नेपाली सेनालाई प्रत्यक मतदान केन्द्रमा खटाउने तयारी भएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेले वताए । मकवानपुरका एक सय ६७ वटा मतदान स्थललाई केन्द्रीत गरेर सुरक्षाकर्मी परि चालन गर्न लागिएको उनले बताए । चुनावका लागि पहिलो घेरामा म्यादी र जनपथ प्रहरी, दोस्रो घेरामा ससस्त्र प्रहरी र मतदान स्थलवरपर गरेर तेस्रो घेरामा नेपाली सेना खटाइने पाण्डेले बताए ।

## हेटौँडा उपमहानगरपालिकाको वित्तिय प्रगिती ७५ प्रतिशत

◆ विकास संवाददाता

हेटौँडा उपमहानगरपालिकाले गत आर्थिक वर्ष २०७८/७९ मा विनियोजित रकमको ७५ प्रतिशत मात्र खर्च गरेको छ ।

उपमहानगरपालिकाको कुल रू दुई अर्ब ९१ करोड ९३ लाख बजेट रहेकामा रू दुई अर्ब २० करोड ५२ लाख खर्च भएको छ । गत आर्थिक वर्षमा सो पालिकाको रू एक अर्ब ३० करोड १७ लाख बजेट रहेकामा रू एक अर्ब ३० करोड १७ लाख मात्र खर्च गरेको उपमहानगरपालिकाले जनाएको छ ।

त्यस्तै पूँजीगततर्फ रू एक अर्ब ६१ करोड १५ लाख बजेट रहेकामा रू एक अर्ब आठ करोड ३७ लाख खर्च भएको छ । हेटौँडा उपमहानगरपालिकाले आव २०७८/७९ मा आन्तरिकतर्फ रू २८ करोड ४२ लाख ८२ हजार राजस्व संकलन गरेको छ ।

विभिन्न सिफारिश दस्तुरवापत रू दुई करोड ८८ लाख र नक्सापास दस्तुरवापत रू दुई करोड ३७ लाख र व्यवसाय करवापत रू एक करोड ७९ लाख ४४ हजार राजस्व संकलन गरेको छ ।

### प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९

**सबैले पालना गर्नुपर्ने आचारसंहिता**

- निर्वाचनको विश्वसनियतामा वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर गर्ने गरी कुनै अवाञ्छित लाञ्छना लगाउन नहुने
- कसैको चरित्र हत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरुपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नहुने ।




**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



# • सम्पादकीय •

## चुनाव भड्किलो नबनाऔं

४ मसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन आउन अब एकसाता पनि बाँकी छैन । देशभर सरगर्मी बढ्न थालेको छ । दलहरु प्रचारप्रसारको दौडधुपमा छन् । निर्वाचन आयोग चुनाको अन्तिम तयारीमा छ । मकवानपुरमा त निर्वाचनका लागि कर्मचारी खटाइसकिएको छ । चुनाव जित्न दल र उम्मेदवाहरुले गर्न मिल्ने नमिल्ने सबै गतिविधि गर्ने गरेको विगतका निर्वाचनहरुले देखाएका छन् । त्यसैले चुनावका बेलामा हुने अवाञ्छित गतिविधिलाई निरुत्साहित गर्दै सार्वभौम मतदाताको अधिकार सुनिश्चित गर्नु आवश्यक हुन्छ । निर्वाचनका बेलामा सत्ता र शक्तिको प्रयोग हुँदै आएको छ । सत्तामा भएकाहरुले आफ्नो पदीय हैसियतको दुरुपयोग गरेर चुनावको बेलामा नाजायज आश्वासन दिने गरेको पाइन्छ । अरु बेला जनताका समस्यामा सरोकार नराख्ने तर चुनावको बेलामा जे पनि गर्न तयार रहने अवस्थाले राजनीतिक विकृति बढाउँछ भने राजनीतिक नेता कार्यकर्तामा जनताप्रति उत्तरदायी बनाउनेभन्दा जसरी पनि चुनाव जित्ने मनोविज्ञान तयार गरिदिन्छ ।

विगतमा चुनावको पूर्वसन्ध्यामा ठूलो आर्थिक चलखेल हुने गरेको देखिन्थ्यो । यसले निर्वाचनलाई महंगो पनि बनाउने गरेको छ । उम्मेदवारहरु एउटा चुनाव लड्न करोड बढी खर्च हुने गरेको बताउने गर्दछन् । यस्तो आर्थिक चलखेलले राजनीतिलाई विकृत बनाउँदै लगेको छ भने आर्थिक अवस्था कमजोर भएका इमानदार नेता कार्यकर्ता चुनाव लड्न नसक्ने अवस्था सिर्जना हुनथालेको छ । चुनावमा धेरै खर्च हुनु भनेको भ्रष्टाचारको आधार निर्माण हुनु पनि हो । खासगरी चुनाव जितेर सत्तामा पुगेपछि चुनाव खर्च उठाउन जायज नाजायज सबै काम गर्न जनप्रतिनिधि तयार हुनुका पछाडि पनि यसले कहीं न कहीं काम गरेको देखिन्छ ।आवधिक निर्वाचन उत्कृष्ट लोकतान्त्रिक अभ्यास हो । यसमा जनताको मत स्वविवेकमा प्रकट हुने अवस्था सिर्जना गर्नुपर्छ । त्यसका लागि निर्वाचनलाई दबाब र प्रभावबाट मुक्त गरेर एजेण्डामा आधारित प्रतिस्पर्धा गर्ने परिपाटीको विकास गर्नुपर्छ । चुनावमा गर्न सकिने र गर्नुपर्ने भन्दा अनावश्यक आश्वासन थोपर्नु पनि विकृति नै हो । सामान्यत: मतदाताले केही न केही सुधार चाहन्छन् । राजनीतिक विसंगतिलाई न्यून गर्दै आफूहरुको ज्वलन्त समस्यामा राज्यले हेरोस् भन्ने नै मतदाताको चाहना हुन्छ । यस पटक आचारसंहिताको कार्यान्वयनमा ७७ वटै जिल्लाका अनुगमन अधिकृत, प्रमुख जिल्ला अधिकारी, जिल्ला निर्वाचन अधिकारी, मुख्य निर्वाचन अधिकृतले समेत स्पष्टीकरण सोधेर कारवाही अगाडि बढाउन सक्ने गरी व्यवस्था गरिएको छ । तर अन्तिम कारवाहीको निर्णय आयोगले मात्र गर्न सक्छ । विगतको भन्दा यसपटक निर्वाचन आचारसंहितामा कडाइ गरेको देखिए पनि यसलाई अन्तिम समयमा कायम राख्नु आवश्यक छ भने केन्द्रले जस्तै जिल्ला-जिल्लामा पनि आचारसंहिता कार्यान्वयन प्रभावकारी बनाउन सके निर्वाचन थप मर्यादित हुनेछ ।

अन्तर्राष्ट्रिय मूल्यांकनमा उत्कृष्ट निर्वाचन गराउने संसारका १० निर्वाचन आयोगभित्र नेपालको निर्वाचन आयोग पनि पर्दछ । यो गरिमालाई थप उँचो बनाउन निर्वाचनमा खटेका कर्मचारीहरुको निष्पक्ष भूमिका पनि उत्तिकै आवश्यक छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी करिब ४० भन्दा बढी संस्थाका दश हजार बढी पर्यवेक्षकले यसपालिको निर्वाचनको पर्यवेक्षण गर्दैछन् । दक्षिण एसियाली मुलुकका निर्वाचन आयुक्तहरु पनि यसपालिको निर्वाचनलाई पर्यवेक्षण गर्न आउँदैछन् । विगतको अनुभव हेर्दा अधिकांश पर्यवेक्षणहरु औपचारिकरुपमा मात्रै सीमित रहने देखिने गरेको छ । यसमा पनि सुधार ल्याउन आवश्यक छ । स्वतन्त्र पर्यवेक्षणले निर्वाचनको निष्पक्षतालाई फाइदा पुऱ्याउनसक्ने भएकाले यसमा सुधार ल्याउन झनै आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# कर्मकाण्डी चुनावी घोषणापत्रहरू



अच्युतप्रसाद पौडेल

आउँदो मंसिर ४ को निर्वाचनलाई लिएर नेता-कार्यकर्ताहरूको ओइरो लाग्न थालेको छ, घरघरमा । चुनावताका मतदाता सम्झने, अरू बेला बिर्सने बानी भने नौलो होइन । ०७४ को चुनावी घोषणापत्रहरू अलपत्र परेका छन् र विकास खर्च यसै समयदेखि नै गिरावटको अवस्थामा छ । ०७४ सालमा भक्तपुरको एक इँटा भट्टाले एक सिजनको रू. ५० हजारको कर तिरेकोमा हाल ७ लाख एकै सिजनमा तिर्नुपर्दाको क्षणले इँटा उद्यमीहरू धरापमा छन्, त्यो रकम तिरि हाल्दा पनि त्यसको मार पर्ने आम उपभोक्तालाई नै हो । यो त एउटा विषय हो, हजारौँ विषय यस्तै छन् देशमा, खर्चिलो संघीयता र महँगो गणतन्त्र देशका लागि गाँडतन्त्र भएर आयात भएको छ । नेपाली जनजीवनका अन्य विषयहरू आयात भएझैँ विदेशी भूमिमा सम्झौता भई आयात भएको चालू व्यवस्थाले आमनेपालीलाई भने निर्यात गरेको छ । तिनको रगत पसिनाको कमाइ विप्रेषणको मोटो रकमले देशका दलहरू सञ्चालित छन्, पालित छन्, महँगा गाडीहरूमा सयर गर्ने गरेका छन् ।

भर्खरै कुनै अमुक दलले साढे १२ लाख नेपालीमा रोजगारी सिर्जना गर्ने भनेको देख्दा र सुन्दा अचम्म लागेको छ । रोजगारी र उत्पादन दिने भक्तपुर, हरिसिद्धि इँटा टायल कारखाना, भक्तपुर काठमाडौँको ट्रली बस, वीरगन्जको चिनी कारखाना, परासीको कागज कारखाना, गोर्खाको गोरखकाली उद्योग, हेटौँडा र बालाजुको कपडा उद्योग, बाँसबारी छालाजुत्ता कारखाना, उदयपुरको सिमेन्ट कारखाना, हेटौँडा सिमेन्ट उद्योग, विर टनगरको जुट मिल, जनकपुरको चुरोट कारखाना, काठमाडौँको औषधि लि, जडीबुटी, ऊनी गलैँचा, तयारी पोसाक उद्योगहरू एवं देशैभरिका औद्योगिक क्षेत्रहरूले केकति उत्पादन र रोजगारी दिएका थिए, तिनलाई कौडीको मोलमा बिक्री गरेर तमाम देशवासीलाई बेरोजगार बनाई विदेशीको भाँडा माझ्न पठाउने नेतृत्व पनि अहिलेकै हो, जसले अहिले रोजगारी सिर्जना र उत्पादन बढाई निर्यात वृद्धि गर्नेसमेतको चुनावी घोषणापत्र अघि सारेको छ ।

चुनावको एक हप्ता अगाडि यस्ता पत्रहरू सार्वजनिक हुने र चुनाव सकिएको एक हप्तापछि पानीको फोकाझैँ हराएर जाने संस्कृतिलाई मलजल दिने दलहरू आफ्नो सिद्धान्त र निष्ठामा बसेका छैनन्, केवल सत्ता प्राप्तिको गतिलो भऱ्याङ मतदातालाई बनाउने र अरू बेला कोरोना, डिँगो, भूकम्पजस्तो दु:खद घडीमा बेखबरको अवस्थामा यी सबै दुलाभित्रै पसेका हुन् । बरू सत्ता हत्याउन उद्यत यिनीहरूले बालुवाटारलाई आफ्नो सर्वस्व सम्झेर सिंहदरबारसम्म पनि पुग्ने आँट गरेनन् । दिल्लीमा केजरीवालले पानी मासिक २० हजार लिटर र बिजुली २ सय ५० युनिट नि:शुल्क गर्दा यी नेताहरू अन्तर्राष्ट्रिय स्तरमा तीन पल्टसम्म इन्धनको भाउ घटेर आउँदा यहाँ भाउ घटाउँदैनन् । बजेटमै बिजुली र पानी नि:शुल्क वितरण हुन्छ भनी यिनले बजेट वक्तव्यमै भने, तर कार्यान्वयन भएन । अहिले नकच्चरो शैलीमा ५० युनिट बिजुली नि:शुल्क भन्दै जनता ढाँट्ने काम गर्दै छन्, काठमाडौँमा ५० युनिटले घर कसरी चल्छ, बत्तीमात्रै बाल्दा पनि । विद्युत् प्राधिकरणले यो नि:शुल्क गर्न सरकारबाट यति बराबरको रकम माग्छ, पानीको अवस्था त्यही छ, मेलम्चीमा ३ दशक राजनीति गर्ने दलहरूले मेलम्ची चुनाव लाग्दा उठाउने अरू बेला बहाना बनाउँदै सुताउने गर्छन् । काठमाडौँको फोहोरमा राजनीति गर्न पल्केका यिनीहरूले अहिले त्यो पाएका छैनन् तर पनि बालेनले पठाएको गाडीमा गुलेली र ढुंगा हान्न लाउने यिनै दलका कार्यकर्ता भएको सबैलाई थाहा छ । अब कानुन बनाउँछु भनी मतदातालाई झुक्याउँदै छन्, कानुन बनाउने सांसदहरू कानुन बनाउनभन्दा बजेट तानेर आफ्नो क्षेत्रमा लैजान अभ्यस्त भए, एमसीसी नाटकीय ढंगबाट छिराइयो, एमसीसी, एसपीपीकै लागि अनि विदेशीलाई नागरिकता दिलाउन प्रतिनिधिसभालाई पुनर्स्थापना गराइयो । देशमा कानुनको अभाव छैन, पाँच वर्षमा पनि नबनेको कानुन अब कसरी र केका लागि बनाउने, जबकि दललाई कानुन लाग्दैन, आएको कानुन पुस्तकालयमा बस्छ, कानुन बन्ने पल शाहलाई, कानुन बन्ने सन्दीपलाई होला । १६ वर्षमा महिलाहरू बच्चा पाउँछन्, त्यसपछिकालाई कानुन लाग्दै देशकै बेइज्जती हुन्छ यो देशमा ।

तीन वर्षमुनिका र ७३ वर्षमाथिकालाई नि:शुल्क स्वास्थ्यको कुरो गरे । ७३ माथिको वृद्ध सहरमा अहेवले र गाउँमा कार्यालय सहयोगीले चलाउने सरकारी अस्पताल खोज्दै जानै सक्दैनन् । व्यापारमा उन्नत हुँदै टोलमै, कोठैनजिक निजी अस्पताल, मेडिकल कलेज, नर्सिङ होमहरू छन्, मनग्गे पैसा लिन्छन्, तिनलाई छोडेर सरकारी अस्पताल खोज्दै जान सक्दैनन्, नि:शुल्क एम्बुलेन्स भन्छन्, मोटो र कमबिना एम्बुलेन्स पाउन दलको मुख्य कार्यकर्ता नै हुनुपर्छ । स्वास्थ्य बिमाका लागि विज्ञापन गरियो, बिमा शुल्क पनि तिरेको अवस्था छ तर उपचार पाएको छैन, निजी क्षेत्रहरू भन्दै छन्, हामीले शोधभर्ना पाएका छैनौँ । त्यसैले थप उपचार गर्न सक्दैनौँ । कोखदेखि शोकसम्म भनिएको छ अहिले, तर कोखको प्रसूतिगृहदेखि शोकको आर्यघाटसम्म जनताले सास फेर्दा र नफेर्दा पनि कर बुझाउनुपर्छ, तिनको उपचार वा सुनुवाइ कतै हुन्न र अर्को कुरा, घोषणापत्रमा लेखेको भरमै कार्यान्वयन हुन्न, पहिले त त्यो दलको सरकार बन्नुपर्छ । यहाँ दुईतिहाइ त गर्लम्मै ढलेको अवस्थामा एक दलले चाहँदैमा यसको नीति लागू हुन्छ भन्ने हुन्न । बहुमतको सरकार ०१५ सालदेखि नै ढलेको हामीले देखेकै हौँ ।

दिगो विकास र मध्यम आयस्तरको देश बनाउने पनि लाज नमानी चुनावी घोषणापत्रमा राखियो । यो अन्तर्राष्ट्रिय प्रतिबद्धता हो, गएको सन् २०१५ मै यो लक्ष्य हासिल गर्नुपर्ने थियो, हाम्रा नेताहरूको अकर्मण्यताले घचेटिएको छ, सन् २०३० सम्म यसलाई सारिएको छ, कुनै अमुक दलले चाहेर भनेअनुसारको काम वा आर्थिक वृद्धि हुने । अहिले चुनावी घोषणापत्र सार्वजनिक गर्दै आर्थिक वृद्धिदरलाई ७ प्रतिशतमा उकास्ने भनेका छन्, यो शतप्रतिशत भूटको पुलिन्दा हो । आर्थक वृद्धिदर उकास्न मोटो लगानी, रोजगारीको वृद्धि, आफ्नै उत्पादन, प्रशस्त आय आर्जन हुनुपर्छ । कुनै बेला यहाँका नेताले वार्षिक साढे ८ प्रतिशतको आर्थिक वृद्धि हुने बजेटमा भनिदिए परिणाम आयो उल्टो ऋणात्मक, त्यसो भनिरहने आफ्नै दलका एक व्यक्तिलाई आठपल्टसम्म सार्वजनिक लाभको पद दिइयो, अर्थमन्त्रीमा राख्न नमिलेपछि अमेरिकाको राजदूत बनाइयो, त्यो पनि घातक एमसीसीको सहजीकरण गर्ने भन्दै अमेरिका पुगे ती । पछि त्यही अमुक दलले एमसीसीको विरोध गरेजस्तो गऱ्यो तर संसद्मा ताली बजायो, पास गऱ्यो । अर्को कुरा, सात सालको पर वर्तनदेखि नै देशमा औसत दुई-तीन प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि भएकै छैन र अन्तर्राष्ट्रिय एजेन्सीहरू आईएमएफ, वर्ल्ड बैंकहरूले ४ प्रतिशतमाथिको प्रक्षेपण गरेका छैनन् र आउने सन् २०२३ मा विश्वभरि नै आर्थिक मन्दी थप हुने भन्दै सबैजसो देशको आर्थिक वृद्धि कम हुने भनिसकेका छन्, नेपाल त्यसभित्रै पर्छ । वृद्धभत्तामा फेरि ललिपप देखाइएको छ, उहिल्यै मासिक ५ हजार भनेको यो वर्ष बल्ल ४ हजार पुगेको छ, यसै वर्षदेखि ६५ वर्षको हल्ला थियो तर बजेट पुगेन भन्दै ६८ गराइएको छ । ढिलोचाँडो दलहरूले नभने पनि ६५ वर्ष त केही समयपछि हुने नै हो, घोषणापत्रमा लेख्दैमा हुने होइन, ढुकुटीमा पैसा छैन भने बाँड्ने कसरी ? अहिले पनि विगतदेखि नै अनेक नाम, बहाना गरी ६० वर्ष पुगेकालाई पनि दिइएकै छ, एकै देशमा यो विभेदकारी नीति हालका दलहरूले नै ल्याएका हुन् ।

वार्षिक २० लाख पर्यटक ल्याउने चुनावी घोषणापत्र रहेछ, पर्यटन वर्षमै यत्रा पर्यटक आउन सकेनन्, देशको भौगोलिक विषम परिवेश, मौसम पूर्वानुमानमा कमजोरी, पूर्वाधारहरूमा दलहरूले देखाएको नैराश्यता, ठूलासाना दुर्घटनाहरू कति भएका छन् देशैभरि र गत असोजको प्राकृतिक ताण्डव नृत्य सबैले देखेको, भोगेको विषय हो । शुद्ध र सफा पानीको अभाव, कच्ची र धूले, फोहोरमैलाको सडक दुरूह अवस्थाले आएका पर्याटकले पनि आफ्नो बसाइ लम्ब्याउन नसकेको अवस्था छ । टिकटको अधिक मूल्य वृद्धि, अमेरिकी डलरको भाउले दिएको असह्य पीडा, पर्यटन क्षेत्र हामीले सोचेजस्तो अवस्था छैन । दलहरूले महँगी नियन्त्रण गर्नुको साटो चुनाव खर्च उठाएर बजार झन् महँगो साबित गरे । चुनाव आफैँ, बढी खर्चिलो छ, उम्मेदवार वा सिट नै नेपालीले धान्न नसक्ने अवस्थाको छ, धेरै विदेश छन्, यत्राविधि सांसद र मन्त्रीहरू, तिनका आसेपासे चाहिने देश नै होइन यो । छाडा छोडेको साँढे डुक्रिएझैँ डुक्रिन्छन्, नयाँ पुस्तालाई छोड्नै चाहन्नन् । वाक्कदिक्क भएर नो नट् एगेन भन्न थाले नेपालीहरू । यसो भन्नेलाई फौजदारी अभियोग लगाउने चुनावी आयोग भन्छ, अनि लोकतन्त्रमा निरंकुशता कहाँबाट आयो पत्तै भएन ।

*बाँकी पृष्ठ ३ मा*

# दमरोगबारे धेरै भ्रमः बिरामीले खानेकुरा बार्नु पर्दैन

दम श्वासप्रश्वाससँग सम्बन्धित समस्या हो । दमलाई रोग भन्दा पनि एउटा लक्षणको रूपमा लिन सकिन्छ । श्वासप्रश्वासमा दीर्घकालीन समस्या आयो भने दम हुने सम्भावना हुन्छ । श्वासप्रश्वासको समस्याबाट मुख्यतः दुई प्रकारको दम हुन्छ, सीओपीडी (दीर्घ दमरोग) र ब्रोन्कियल आस्थामा (दम-खोकी) ।

श्वासनलीमा एलर्जी भएर सास फेर्न गाह्रो हुने अवस्थामा दम-खोकी अर्थात् ब्रोन्कियल आस्थामा भनिन्छ । यस्तो अवस्थामा श्वासनली साँघुरो हुने गर्छ । धुम्रपान गर्ने र धुँवा-धुलोमा लामो समय सम्पर्कमा आएका व्यक्तिमा भने कालान्तरमा सीओपीडी दम हुनसक्छ । यो धेरै मात्रामा देखिने दमको प्रकार हो ।

दमको कारण पनि फरक-फरक हुन्छ । सबैभन्दा बढी मात्रामा देखिने सीओपीडी दमको कारण धुम्रपान र वायु प्रदूषण हो । लामो समय धुम्रपान गरेका मान्छे वा धुम्रपान गर्ने व्यक्तिको नजिक बसेका मान्छे र धेरै वायु प्रदूषणको सम्पर्कमा आउने व्यक्तिमा यो दम हुन्छ । केही व्यक्तिमा वंशाणुगत कारणले पनि दमको जोखिम हुन्छ ।

वातावरणीय प्रदूषण, धुँवा धुलो, चिसो र विभिन्न प्रकारको एलर्जीको कारण दम-खोकी हुन्छ । धेरै धुँवा-धुलोमा काम गर्नुपर्ने व्यक्तिमा पेसागत जोखिमले पनि यसको जोखिम बढी हुन्छ । पहिले टीभी भएर वा निमोनिया भएर फोक्सोमा दाग भएका व्यक्तिमा पनि दम हुन्छ । केही व्यक्तिमा बाथको कारण फोक्सोमा समस्या भएर पनि दम हुन सक्छ । मुटु, किड्नी र रक्तअल्पता भएका बिरामीमा स्याँ स्याँ हुने र दमको समस्या हुन सक्छ ।

### कसलाई बढी हुन्छ दम ?

सीओपीडी दम प्रायजसो ५० वर्ष उमेरमाथिका व्यक्तिमा देखिन्छ । लामो समयदेखि धुँवा-धुलोको सम्पर्कमा बसेका वा लामो समयदेखि धुम्रपान गर्ने व्यक्तिमा यो प्रकारको दम देखिन्छ ।

बालबालिकालाई पनि दमको समस्या देखिन्छ । उनीहरूमा मुख्यतः वंशाणुगत कारणले दमको समस्या देखिन्छ । पटक-पटक फोक्सोमा संक्रमण हुने बालबालिकालाई पनि दम हुन सक्छ । यस्तै धेरै धुँवा-धुलोको सम्पर्कमा आउने बालबालिकामा पनि दमको जोखिम हुन्छ ।

### दमको बिरामीले खाना बार्नुपर्छ ?

दमको बिरामीले यो खान हुँदैन, त्यो खान हुँदैन भनेको धेरै सुनिन्छ । तर ती सब मिथ्या कुरा हुन् । दमको कारक खानेकुरा नभएकाले खासै बार्न आवश्यक हुँदैन । दमका बिरामीले सन्तुलित भोजन र व्यायाममा भने विशेष ध्यान दिनुपर्छ । एन्टिअक्सिडेन्ट भएका सागपात फलफूल बढी मात्रामा खानुपर्छ ।

सुन्तला, केरा लगायत फलफूल पनि दमका बिरामीले धेरै खान हुँदैन भनेको सुनिन्छ । यसमा पनि कुनै वैज्ञानिक आधार छैन । सुन्तला जस्ता फलफूलमा नै झन् एन्टिअक्सिडेन्टको मात्रा धेरै हुन्छ । त्यसैले दमका बिरामीले कुनै पनि फलफूल बार्नु पर्दैन ।

दमका बिरामीले धुम्रपान गर्नु हुँदैन र धेरै चिसो खानेकुरा भने खानु हुँदैन ।

### बच्ने उपाय

दमको जोखिमबाट बच्न धुम्रपान गर्दै नगर्ने, धुलो, धुँवाबाट सकेसम्म बच्ने, घरबाहिर निस्कन परे अनिवार्य मास्क लगाउने, धुँवा आउने चुलोको प्रयोग कम गर्ने, दैनिक व्यायाम गर्ने, एलर्जी हुने वस्तुबाट टाढा रहने र प्रदूषित हावाबाट बच्नुपर्छ ।

### उपचार

दम उमेर ढल्किएपछि देखिने एउटा सामान्य समस्या हो, उपचार गरिरहनु पर्दैन भनेर धेरैले हेलचेक्राइँ गरेको देखिन्छ । तर लामो समयदेखि श्वासप्रश्वासमा समस्या छ, खोकी लागिर हन्छ । छाती दुख्छ, घ्यारघ्यार हुन्छ भने अस्पताल गएर दम हो कि होइन जाँच गर्नुपर्छ ।

समयमै चिकित्सकको सल्लाह लिएर यसको उपचार गरियो भने यसबाट हुन सक्ने जटिलतालाई रोक्न सकिन्छ । दमको बिरामीलाई 'इनहेलर' भन्ने तान्ने औषधि दिइन्छ । यसको मुख्य उपचार भनेको 'इनहेलर' नै हो ।

दीर्घरोग भएकाले मधुमेह र उच्च रक्तचाप जस्तै दमको औषधि पनि लामो समयसम्म प्रयोग गर्नुपर्ने हुन्छ ।

### जटिलता

दमको समयमा उपचार गरिएन भने शरीरमा अक्सिजनको मात्रा कम हुने कार्बनडाइअक्साइडको मात्रा धेरै हुने र घरमा नै अक्सिजन लगाएर बस्नुपर्ने समेत हुन सक्छ ।

त्यसैले शरीरमा कार्बनडाइअक्साइडको मात्रा बढी भयो भने 'बिपाप' भन्ने मेसिन लगाएर बस्नुपर्ने हुन सक्छ । दम बढ्दै गयो भने यसले मुटुको दायाँपट्टिको भागलाई समेत असर गर्न सक्छ, जसले हृदयघात पनि गराउन सक्छ ।

दम निकै बढ्यो भने दम बिग्रिएर अस्पताल नै भर्ना हुनुपर्ने अवस्था पनि आउँछ । दम बढेकै कारण खुट्टामा रगत जम्ने समस्या, हेमोग्लोबिन बढी हुने जस्ता जटिलता पनि आउन सक्छ ।

### जान्नैपर्ने कुरा

दमको बिरामीलाई मुखबाट तान्ने औषधि इनहेलर दिइन्छ । तर कतिपयमा यसले खराबी गर्छ, प्रयोग गर्नु हुँदैन भन्ने पनि भ्रम छ । तर दमको सबैभन्दा प्रभावकारी र कम साइड इफेक्ट भएको औषधि इनहेलर नै हो ।

धेरैले चिकित्सकको सल्लाह बिना नै औषधि सेवन गर्न छाड्छन् । यसो गर्दा समस्या झन् जटिल हुन सक्छ । युवा र बालबालिकामा देखिने दम-खोकीमा भने केही वर्ष नियमित औषधिको प्रयोग गरेपछि रोक्नुपर्ने पनि हुनसक्छ । यस्तो अवस्थामा चिकित्सकको सल्लाह लिनुपर्छ ।

---

## कर्मकाण्डी चुनावी.. . .

संविधानमा सबतिर लेखिन्छ मौलिक हक, विदेशीलाई देखाउन यहाँकालाई हात लाग्यो शून्य, न शिक्षा, न स्वास्थ्य, न रोजगारी, न आवास, न शुद्ध हावापानी । घोषणापत्रमा ग्याँस पाइप लाइन भने, रेल पनि मोनो मेट्रो भने, काठमाडौँमै कलंकी-चाबहिल चक्रपथ खोइ ? बाहिरी चक्रपथको डिपिआर तयार भएको कति वर्ष भयो । सत्ताका भोकाहरू सपना बाँड्न अझै उद्यत छन्, देश व्यापार घाटा र विदेशी ऋणले चुर्लुम्म डुबिसकेको छ, तैपनि मतदातालाई ललिपप दिन घरदैलोमा आउँदै छन्, लाज पचेकाहरू ।

# अण्डाको पहेंलो भाग खानै हुन्न ?

कुखुरा पहिले भयो कि अण्डा ? यो प्रश्न जति जेलिएको छ उत्ति नै विरोधाभास छ– 'अण्डा खानु हुन्छ कि हुँदैन' भन्ने सवाल पनि । पोषणविद् भन्छन्, 'अण्डा प्रोटिनको राम्रो स्रोत हो । खानपानको सन्तुलन मिलाउन अण्डा सामेल गर्न सकिन्छ ।' चिकित्सक भन्छन्, 'अण्डाबाट शरीरमा जुन तत्व प्राप्त हुन्छ, त्यो हानिकारक छैन ।' योगगुरू भन्छन्, 'अण्डा खानै हुन्न । निरोगी जीवनको लागि यो सही खानेकुरा होइन ।' मान्छेमा द्विविधा छ, अण्डा खान हुन्छ वा हुँदैन ? त्यो भन्दा बढी द्विविधा त के भने अण्डाको पहेंलो भाग खान हुन्छ वा हुँदैन ?

अण्डा खानेमध्ये कतिपयले पहेंलो भाग खाँदैनन् । स्वास्थ्यप्रति बढी नै सर्तकता अपनाउनेहरू हुन् वा दीर्घरोगीहरू, अण्डाको पहेंलो भाग खाँदै खाँदैनन् । अण्डाको पहेंलो भाग खाँदा खराब कोलेस्टेरोलको मात्रा बढ्छ । खासगरी मुटुरोग लागेकाहरू वा कोलेस्टोरले सताइएकाहरू अण्डाको पहेंलो भाग खाँदैनन् । के वास्तवमै अण्डाको पहेंलो भाग खानयोग्य हुन्न ?

### जसले अण्डाको पहेंलो भाग नखाएकै बेस

अण्डाको पहेंलो भाग खानै हुन्न भन्ने आमधारणा छ त्यो सही होइन । अण्डाको सेतो भागमा प्रोटिन हुन्छ, पहेंलो भागमा फ्याट कोलेस्टेरोल बढी हुने भएकोले उच्च रक्तचाप, कोलेस्टेरोलका बिरामी र मुटुसम्बन्धी बिरामीले भने पहेंलो भाग नखाएको राम्रो हो ।

सामान्य स्वास्थ्य स्थितिमा अण्डाको पहेंलो भागमा फ्याट र कोलेस्टेरोल बढी हुने भएकोले त्यसले उच्च रक्तचापको समस्या झन् बढ्छ । स्वास्थ्यमा कुनै पनि प्रकारको समस्या नभएको व्यक्तिले त अण्डाको पहेंलो भाग खाँदा केही हुँदैन ।

### यी अवस्थामा खान हुँदैन

कोलेस्टेरोल, उच्च रक्तचाप, मुटुको समस्या र मिर्गौलाको समस्या भएका व्यक्तिले अण्डाको पहेंलो भाग खानु उचित हुँदैन । खाँदै नखाने भन्दा पनि एकदम कम मात्रामा खानु राम्रो हो । यस्ता समस्या भएका व्यक्तिले अण्डाको पहेंलो भाग सेवन गर्दा समस्या थप बढ्न सक्छन् ।

### अण्डाको असर

अण्डा र मासुमा अमिनो एसिड भन्ने प्रोटिन हुन्छ, जुन प्रोटिन शाकाहारी खानामा पाइँदैन । त्यसैले हप्तामा दुई चोटि मासु वा अण्डा खानामा समावेश गर्नु स्वास्थ्यका लागि राम्रो हो । तर यसको धेरै सेवनले कोलेस्टेरोल, युरिक एसिड बढ्ने र प्रोटिनको मात्रा बढी भएर किड्नीलाई असर गर्ने हुनसक्छ । त्यसैले अण्डा खानै नहुने भने होइन, धेरै थोरै कति खाने भन्ने कुरामा चाहिं ध्यान दिनुपर्छ ।

### खानै नहुने केही छैन

शारीरिक रूपमा सक्रिय व्यक्ति र धेरै व्यायाम गर्ने व्यक्तिलाई धेरै प्रोटिनको आवश्यकता पर्छ । त्यसैले पोषणविद् र फिटनेस ट्रेनरले शारीरिक रूपमा सक्रिय व्यक्तिलाई अण्डा खान सुझाउँछन् । अण्डामा खानै नहुने खालको कुनै पनि तत्त्व हुँदैन । तर खान हुन्छ भनेर धेरै मात्रामा सेवन गर्दा भने त्यसले शरीरमा असर गर्छ । दैनिक एउटा अण्डाको सेवनले शरीरमा कुनै प्रकारको असर गर्दैन ।






जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/०६५/०६६ म.जि.हु.दर्ता नं. २३/०६६/०६७

# मकवानपुरमा उम्मेदवारलाई भोटकै चिन्ता, कृषक मलको

◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका-१ घर भएका जिवन पुडासैनी खेतमा ट्याक्टर लगाइरहेको भेटिन्छन् । उनी आलु लगाउने तयारीमा छन् । तर, पुडासैनीलाई डीएपी मल नपाएर आलु लगाउनै नपाइने हो कि भन्ने चिन्ताले पिरोलेको छ । अघिल्लो वर्ष पनि डीएपी मल नपाउँदा उनले कुखुराको भुस मल हालेर आलु लगाएका थिए । तर, सोचे जस्तो आलु उत्पादन भएन् । 'मैले अघिल्लो साल आलु लगाउने खर्च पनि उठाउन सकिनँ । अबदेखि आलु लगाउँदिनँ त भनेको मनले मान्दैन । आलु लगाए खान त किन्नु पर्दैन भनेजस्तो लाग्छ', उनले भने, 'आलु लगाउन खोजेको १० दिन भइसक्यो । अझै डीएपी मल पाउन सकेको छैन् ।'

आलु लगाउन खेत तयारी गरेर बजारमा पुनः मल खोज्न जाने तयारीमा छन्, पुडासैनी । तर, उनलाई सहजै मल पाउने चिन्ताले सताइरहेको छ । भीमफेदीका पुडासैनी मात्र हैन, मकवानपुरको मकवानपुरगढी, बकैया, मनहरी, बागमती र हेटौंडा उपमहानगर पालिकाभित्रका कृषकलाई आलु लगाउने चटारो छ । तर, उनीहरूलाई कामको चटारो भन्दा पनि डीएपी मल नपाउने चिन्ताले सताइरहेको छ ।

हेटौंडा उपमहानगरपालिका-१ भैरवडाँडाका विनोद सापकोटा बिहान उठ्ने बित्तिक्कै बजार आइपुग्छन् । बजार आएपछि उनलाई बाली लगाउने हतारोले डीएपी मल कहाँ पाइन्छ भनेर खोज्नु चटारो हुन्छ । हरेक मल पसल पुगेर उनले पहिलो सोध्छन्, 'यहाँ डीएपी मल पाइन्छ ?' सापकोटाले चार दिन भइसक्यो पसलेहरूले मल छ भनेको सुन्न पाएका छैनन् । कान्तिराजपथमा मल खोज्न भौतारिएका सापकोटाले शिलापत्रसँगको भेटमा भने, 'मैले ब्ल्याकमै मल किन्छुभन्दा पनि पाइएन । मल नै आएन कि कसैले लुकायो ?' आफूलाई र गाउँका आफन्तलाई मल खोजिरहेका सापकोटालाई खेतमा आलु लगाउन हतार भइसक्यो । तर, आलुको ड्याङ पार्नुअघि हाल्नुपर्ने डीएपी मल उनले अहिलेसम्म पाएका छैनन् । 'बजारभरि युरिया नामको मल मात्रै रहेछ । मलाई चाहियो डीएपी । सहकारीले बाँड्छ भनेको सुनेको छु । अब कहाँको सहकारी खोज्दै जानु । सहकारीले सदस्य नभएकोलाई पनि दिँदैन,' उनले सुनाए । पुडासैनी र सापकोटा प्रतिनिधि पात्र मात्र हुन् । जिल्लाका अधिकांश कृषकलाई डीएपी मलको अभावले समस्या बनाइरहेको छ । नगदे बालीका रूपमा रहेको आलु नलगाए कृषकलाई आम्दानी र खान किन्नु पर्ने समस्याले पिरोलिरहन्छ । उनीहरूको समस्यामा प्रत्यक्ष सहयोग गर्न कुनै निकायले चासो देखाएको छैन ।

तर, मल नपाएर प्रताडित बनेका उनै कृषकका घर, आँगनमा 'पाँच वर्षे मेला' लागिरहेको छ । मेला अर्थात, पाँच-पाँच वर्षमा आउने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन । मकवानपुरमा दुईवटा प्रतिनिधिसभा र चारवटा प्रदेशसभा निर्वाचन क्षेत्र छन् । जसमा ठूला तथा साना दल, स्वतन्त्र गरेर ६० जनाभन्दा बढी उम्मेदवार मैदानमा छन् । सबै उम्मेदवार कृषकका घरको ढोकासम्म पुगिरहेको छन् । तर, कृषकलाई आपत परेको विषयमा कसैले चासो नदेखाएको मकवानपुरगढी गाउँपालिका-५ की बिनिता हुमागाई बताउँछिन् । आफ्नो घरमा पनि उम्मेदवार भोट माग्न आएको बताउने हुमागाईले मलको अभाव छ कि छैन भनेर एक पटक नसोधेको गुनासो गरिन् । 'उनीहरूले मल ल्याउन सक्थे कि सक्दैन थिए मलाई थाहा छैन । तर, काम गर्ने बेला छ, समस्याहरू के छन् भनेर कसैले सोध्दैन । हामीलाई भोट दिनुस् है भनेर कागज छोडेर हिँड्छन्,' उनले सुनाइन् । सापकोटा पनि नेतादेखि वाक्कदिक्क भइसकेका छन् । नेताहरू अपवादमा एक दुई जनाबाहेक सबै फटाहा रहेको भन्दै सापकोटाले रोष प्रकट गरे । 'पाँच वर्षमा एक चोटी भोट माग्न आउँछन् । त्यसपछि फर्किएर आउँदैनन्,' उनी भन्छन् । मकवानपुरगढी-५ कै कृष्ण प्रसाद ढुंगानाले मल नपाएर आलु लगाउन नपाएको सुनाए ।

# जग्गा फिर्ताको माग गर्दै धर्ना

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडामा दृष्टिबन्धकीबाट पीडित एकजनाले आफ्नो जग्गा फर्ताको माग गर्दै धर्ना दिएका छन् । हेटौंडाका जगतबहादुर सुनारले व्यवसायी नियमराज शाक्यविरूद्ध शाक्यको बुद्धचोक स्थित घरमा जग्गा फिर्ताको माग गर्दै धर्ना दिएका हुन् ।

तत्कालिन समयमा व्यवसायी शाक्यले दृष्टिबन्धकीको नाममा आफु र आफ्नो बाबु पदमलाल सुनारलाई जालझेल गरेर जग्गा राजिनामा पत्रमा हस्ताक्षर गराएर लिएको ११ का १६ धुर जग्गा फिर्ताको लागि आफु धर्ना बस्न बाध्य भएको पीडित सुनारले बताए ।

२७ कात्तिकमा सुनारसँगै उनको छिमेकी र सामाजिक अभियन्ताहरूले व्यवसायी शाक्यको घरमा धर्ना दिएका थिए ।पीडित सुनारले धर्ना दिँदा पनि शाक्यले जग्गा फिर्ता नगराए आमरण अनशन बसेर भएपनि न्याय माग्ने बताएका छन् ।

# मकवानपुरको बागमती नदीमा १ लाख माछाका भुरा छाडियो

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिका-४ झुरझुरे स्थित बागमती नदीमा १ लाख माछाका भुरा छाडिएको छ । २४ कात्तिकमा प्रकृतिक जलाशय मत्स्य प्रर्वद्धन एवं संरक्षण केन्द्र हेटौडा मकवानपुरको आयोजनामा बागमती नदीमा रहु र नैनी जातका १ लाख माछाका भुरा छाडिएको हो । बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानको प्रमुख अतिथ्यता र प्रकृतिक जलाशय मत्स्य प्रर्वद्धन एवं संरक्षण केन्द्र हेटौडाका कार्यालय प्रमुख सरोज कुमार यादवको अध्यक्षतामा कार्यत्रम भएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि सर्केश घलानले बागमती गाउँपालिकामा पनि माछा मारेर जिविका चलाउने समुदाय रहेको भन्दै भविस्यमा यो कार्यले उक्त समुदायलाई सहयोग पुग्ने बताए । घलानले वर्तमान समयमा खोलानालमा विभिन्न विद्युतिय उपकरणको प्रयोग र कल कारखानाबाट फालिएका विभिन्न केमिकलहरूले गर्दा खोलानालामा माछाको संख्या घट्न पुगेको बताउदै यस्तो कार्य सबै मिलेर रोक्नुपर्ने बताए । कार्यक्रममा प्रकृतिक जलाशय मत्स्य प्रर्वद्धन एवं संरक्षण केन्द्र हेटौडाका कार्यालय प्रमुख यादवले प्राकृतिक जलाशयमा जलीय जैविक विविधता संरक्षण तथा त्यसमा आश्रित समुदायको जिवन उकास्नको लागी स्थिानीय जातको माछा छोड्ने कार्यक्रम गरिएको बताए । खोला नालामा फोहोर ढल मिसाउने, बिषादी हाल्ने, करेन्ट लगाउनेलगायतका कारणबाट जलचर मासिने क्रम बढेको बताउदै यसको संरक्षण गरी नदीमा आश्रित समुदायको जिवनस्थर विकासका लागि सहयोग पुग्ने विस्वासका साथ् भुरा नदीमा छाडिएको बताए ।

उनले नेपालमा ४ लाख १ हजार हेक्टर प्राकृतिक जलाशयको क्षेत्रफल रहेको र देशमा उत्पादन हुने कुल ९७ हजार मेटिक टन माछा मध्ये २१ प्रतिशत माछा प्राकृतिक जलाशयबाट उत्पादन हुने बताए । जसमध्ये प्राकृतिक



जलाशयमा ४ लाख जनसंख्या निर्भर रहेको समेत यादवले बताए । कार्यालयले यस अघि नारायणी नदीमा ४० हजार भुरा छोडेको थियो भने मकवानपुरको सामारी नदीमा पनी ३४ हजार माछाका भुरा छाडेका थियो । आर्थिक वर्ष ०७९/८० को कार्यलयको वार्षिक कार्यत्रमको रूपमा ६ वटा कार्यक्रम रहेकोमा आगामी कार्यक्रम कोशी, कर्णाली, सप्तकोशी, कालीगण्डकी लागएतका नदीहरूमा रहेको जानकारी गराईएको थियो ।

कार्यक्रममा कार्यालयका मत्स्य विकास अधिकृत गोमा कुवर, बलराम आर्चाय, प्रशासन सहायक स्नेह गिरी, महोन यादव, विश्वास राना लगाएत कर्मचारीहरूको उपस्थिती रहेको थियो ।






# 'शैक्षिक समस्या हल गर्न गठबन्धनलाई मतदान गर्नुस्'-उमेद्वार मोक्तान

◆ विकास संवाददाता

मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ (१) की उम्मेदवार कुमारी मोक्तानलेले मुलुकको समृद्धिका लागि नै गठबन्धन निमार्ण भएकाले शैक्षिक क्षेत्रमा देखिएका समस्या हल गर्न पहल गरिने आश्वासन दिएकी छिन् ।

थाहा नगरपालिकाको शंकर होटलमा २६ कात्तिकमा आयोजित वर्तमान शैक्षिक समस्या समाधानमा संघ र प्रदेश सरकारको भूमिका विषयकु अन्तरक्रिया कार्यक्रममा उनले आफु विजयी भए प्रदेश सरकारबाट आवश्यक नीति निमार्ण गरी र संघमा अड्कियको शिक्षा ऐनलाई पारित गरि अस्थायी शिक्षकहरूलाई स्थायी प्रक्रियामा ल्याउने प्रतिबद्धता गरिन् ।

आफु बागमती प्रदेशको सामाजिक विकास मन्त्री हुँदा शैक्षिक क्षेत्रको विकासका लागि सक्दो खटिएको तर शिक्षा ऐन पास नहुँदा चाहे अनुरूपको शिक्षा क्षेत्रको मागलाई सम्बोधन गर्न नसकेको स्वीकारिन् । 'म विजयी भए शिक्षकहरूले भनेजस्तो निजामती कर्मचारी र शिक्षकबीचको विभेद अन्त्य गर्छु मोक्तानले भनिन् । कार्यक्रममा थाहा नगरपालिका भित्र रहेका गठबन्धनतर्फका शिक्षक संघ संगठनका प्रतिनिधिहरूले निजामती कर्मचारी र शिक्षकबीचको विभेद अन्त्य गरी समान व्यवहार हुनुपर्नेमा जोड दिएका थिए । उनीहरूले राहत, अनुदान, निजी लगायत विभिन्न नाममा विभाजित शिक्षकहरूलाई दरबन्दीमा रूपान्तरण गर्दै आवश्यक प्रक्रिया पुर्‍याएर स्थायी गरिनुपर्ने पनि बताए

सरकारले संघिय शिक्षा ऐन जारी गरी शिक्षा र शिक्षकको समस्या समाधान गर्न तथा शैक्षिक वर्षको सुरूवातसंगै नयाँ पाठ्यपुस्तक प्रयाप्तता हुनेगरी व्यवस्था गर्न पनि माग गरेका थिए । एकिकृत अखिल नेपाल शिक्षक संगठन थाहा नगर कमिटी अध्यक्ष मनोज रायमाझीको अध्यक्षतामा भएको कार्यक्रममा अखिल नेपाल राष्ट्रिय शिक्षक संघका केन्द्रिय अध्यक्ष सानोभाइ कार्की, शिक्षक महासंघका थाहानगर अध्यक्ष राजाराम कार्की, नेपाल शिक्षक संघ थाहानगर सभापति विनोद सुवेदी थाहानगर निर्वाचन परिचालन समितिका संयोजक प्रमोद कृष्ण जोशी, नेकपा माओवादी प्रदेश सभा सदस्य तथा मकवानपुर-२ (१) निर्वाचन परिचालन संयोजक लवशेर विष्ट, माओवादी नेता अरूण रायमाझीलगायतका उपस्थिती रहेको थियो ।

# एमाले उमेद्वारः 'योजना सुनाउँदै भोट माग्दै'

◆ विकास संवाददाता

नेकपा एमालेका तर्फबाट मकवानपुर जिल्लामा प्रतिनिधिसभा र प्रदेशसभामा उम्मेदवारहरू अहिले घर दैलो कार्यक्रम र कोणसभाहरूमा व्यस्त रहेका छन् । जनतामाझ आफ्ना योजनाहरू सुनाउँदै उम्मेदवारहरू घर दैलो र कोणसभामा व्यस्त भएका हुन् ।

एमालेका दुईजना प्रतिनिधीसभाका सदस्यका उम्मेदवार कमल थापा र महेश बर्तौला बिहानदेखि बेलुकासम्म घरदैलो र कोणसभामा व्यस्त रहने गरेका छन् । त्यसैगरी प्रदेशसभाका उम्मेदवारहरू कमल विष्ट, एकालाल श्रेष्ठ, बिष्णुप्रसाद ढकाल र लालबहादुर थापा आफ्ना चुनावी कार्यक्रममा व्यस्त रहेका छन् । एमालेका तर्फबाट क्षेत्र नम्बर-१ का उम्मेदवार कमल थापा र क्षेत्र नम्बर-१ को प्रदेशसभा (ख) का उम्मेदवार एकालाल श्रेष्ठ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-६ को चौघडा बजार, हात्तिलेट, चुच्चेखोला, गौरीटार लगायतका क्षेत्रमा घरदैलो र कोणसभामा व्यस्त रहे । यसैगरी क्षेत्र नम्बर-१ को (क) उम्मेदवार कमल विष्ठ भने आज हेटौंडा(१६ हटिया र बकैयाँ गाउँपालिका वडा नम्बर-७ मा चुनावी कार्यक्रममा व्यस्त थिए ।

यसैगरी मकवानपुर क्षेत्र नम्बर-२ का उम्मेदवार महेश कुमार बर्तौला र क्षेत्र नम्बर-२ को (क) का उम्मेदवार बिष्णुप्रसाद ढकाल मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको सिस्नेरी, कुलेखानी, फाखेल लगायतका क्षेत्रमा कोणसभा भएको छ । कार्यक्रममा स्थानीय स्तरमा परेका समस्या समाधान गर्न लाग्ने उम्मेदवारहरूले बताएका छन् । शिक्षा, स्वास्थ्य, सडक, बिजुली लगायतका क्षेत्रमा काम गर्ने उनीहरूले बताएका छन् । यसैगरी मकवानपुर क्षेत्र नम्बर-२ को (ख) का उम्मेदवार लाल बहादुर थापाले आज राक्सिराङ गाउँपालिकाको वडा नम्बर-६ र ७ को पायक पर्नेगरी सिलिङ्गेमा सभा भएको छ

# पालुङ जेसिज सप्ताह गतिविधि

◆ विकास संवाददाता

## जनकल्याणमा दुर्व्यशनी विरुद्ध कार्यक्रम

पालुङ जेसीज वर्ष २०२२ को जेसीज सप्ताह कार्यक्रमको अन्तर्गत २४ कात्तिकमा लागु पदार्थ दुर्व्यशनी विरूद्ध जनचेतनामुलक कार्यक्रम तथा ट्राफिक नियम सम्बन्धी सचेतना कार्यक्रम भएको छ ।

कार्यक्रम थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको जनकल्याण माविमा अध्ययनरत कक्षा ११/१२ का विद्यार्थीहरूलाई सहभागी गराई संचालन गरिएको थियो । सहभागी विद्यार्थीहरूलाई ईलाक प्रहरी कार्यालय पालुङका प्रहरी प्रमुख दुर्गा खनालले सहजीकरण गरेका थिए । पालुङ जेसीज वर्ष २००५ का अध्यक्ष सानोभाई कार्कीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । सो अवसरमा पालुङ जेसीज वर्ष २०१२ का शाखा अध्यक्ष तथा पालुङ सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष धर्मलाल प्रधान, वर्ष २०२० का शाखा अध्यक्ष तथा वर्ष २०२२ का प्रमुख बोर्ड सल्लाहकार मनोज रायमाझी, वर्ष २०२२ का निवर्तमान अध्यक्ष नवराज लामालगायतकाको आतिथ्यता रहेको थियो ।

सप्ताहव्यापी कार्यक्रममा पालुङ जेसीज वर्ष २०२२ का कार्यकारिणी उपाध्यक्ष तथा यस सप्ताहव्यापी कार्यक्रमका मुल कार्यक्रम संयोजक जेसी सञ्जय गोपाली, वर्ष २०२२ का उपाध्यक्ष तथा सह-मुल कार्यक्रम संयोजक अञ्जय प्रधान र कार्यक्रम संयोजक अजय कार्कीलगायत अन्य जेसिज सदस्यहरूको उपस्थिती रहेको थियो । कार्यक्रम पालुङ जेसीज वर्ष २०२२ का शाखा अध्यक्ष जयराम खत्रीको अध्यक्षतामा भएको थियो ।

कार्यक्रमको विषयमा कार्यकारिणी उपाध्यक्ष तथा मुल कार्यक्रम संयोजक सञ्जय गोपालीले स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्यको विषयमा जानकारी गराएका थिए । कार्यक्रम पालुङ जेसीजका महासचिव निरज रायमाझीले संचालन गरेका थिए ।

## वक्तृत्वकलामा सुनौलाका रूम्बा उत्कृष्ट

पालुङ जेसिजले आयोजना गरेको जेसिज सप्ताह अन्तर्गत वक्तृत्वकला प्रतियोगिता भएको छ । प्रतियोगिता २५ कात्तिकमा जनकल्याण माध्यमिक विद्यालयमा भएको हो ।
'समाज परिवर्तनमा युवाको भुमिका' विषयक प्रतियोगितामा सुनौला माध्यमिक विद्यालयका दिनेश रूम्बा प्रथम भएका छन् । प्रतियोगितामा पालुङ भ्यालीहार्ट एकेडेमीका दिपशिखा रायमाझी द्वितीय र जनकल्याण माविकी स्मारिका बस्नेत तृतीय भएका थिए ।

प्रतियोगितामा थाहानगरका २६ जनाको सहभागिता रहेको थियो । पालुङ जेसिजका पूर्व अध्यक्ष तथा जनकल्याण माविका प्रधानाध्यापक सानोभाई कार्कीको प्रमुख आतिथ्यमा भएको प्रतियोगिताको निर्णायकहरूमा रामहरि अधिकारी, कुमार नेगी रहेको महासचिव निरज रायमाझीले जानकारी दिए । कार्यक्रम विक्रम श्रेष्ठको संयोजकत्वमा भएको थियो ।

## पालुङ क्याम्पसमा 'जेसीज इन स्कूल' कार्यक्रम

पालुङ बहुमुखी क्याम्पसमा 'जेसीज इन स्कूल' कार्यक्रम गरिएको छ । पालुङ जेसिजको जेसिज सप्ता अन्तर्गत उक्त कार्यक्रम संचालन गरिएको हो । पालुङ बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख राजन मिश्रको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पालुङ जेसीज वर्ष २०२० का शाखा अध्यक्ष तथा वर्ष २०२२ का प्रमुख बोर्ड सल्लाहकार मनोज रायमाझी, वर्ष २०२२ का निवर्तमान अध्यक्ष नवराज लामा उपस्थित रहेको थियो ।

कार्यक्रममा पालुङ जेसीज वर्ष २०२२ का कार्यकारिणी उपाध्यक्ष तथा सप्ताहव्यापी कार्यक्रमका मुल कार्यक्रम संयोजक सञ्जय गोपाली, वर्ष २०२२ का उपाध्यक्ष तथा सहमुल कार्यक्रम संयोजक अञ्जय प्रधान र उक्त कार्यक्रमको कार्यक्रम संयोजक नारायण तामाङलगायत अन्य जेसीज सदस्यहरूको उपस्थिती रहेको थियो । सो अवसरमा उत्तरी मकवानपुरकै एक मात्र क्याम्पस पालुङ बहुमुखी क्याम्पसका विद्यार्थीहरूलाई पालुङ जेसीज वर्ष २००५ का शाखा अध्यक्ष सानोभाई कार्कीले प्रशिक्षण दिएका थिए ।

पालुङ ,जेसिज वर्ष २०२२ का अध्यक्ष जयराम खत्रीको सभाध्यक्षतामा भएको कार्यक्रम महासचिव निरज र ायमाझीले संचालन गरेका थिए ।

## भरतरत्न छात्रवृत्ति कालिकालाई, स्लोबाइक रेसमा रायमाझी प्रथम

पालुङ जेसिले आयोजना गरेको जेसिज सप्ताह अन्तर्गत 'भरत रत्न छात्रवृत्ति' वितरण कार्यक्रम सम्पन्न भएको छ । थाहा नगरपालिका वडा नम्बर १ खानीगाउँमा रहेको कालिका प्राविका कक्षा १ देखि ५ सम्म अध्ययन गर्नें विधार्थीहरूलाई रत्न गोपालीले छात्रवृत्ति प्रदान गरिन् । गोपाली कार्यक्रमको सौजन्यकर्ता हुन् ।

छात्रवृत्ति वितरण कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर १ का अध्यक्ष हेरमान गोपालीको प्रमुख आतिथ्यतामा भएको थियो । सो कार्यक्रममा पालुङ जेसिज वर्ष २०२२ का निवर्तमान अध्यक्ष नवराज लामा, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मान बहादुर गोले, विद्यालयका प्रधानाध्यापक कल्पना केसी, वडा सदस्य अनिता वल, नेपाली कांग्रेस थाहा नगरपालिका १ नम्बर वडा सभापति रूपचन्द्र गोपालीलगायतको उपस्थिति रहेको थियो । दिपेन्द्र केसी संयोजकत्वमा भएको थियो ।

यसैबीच जेसिज सप्ताहकै अवसरमा भएको 'स्लो बाइक रेस' प्रतियोगितामा थाहा नगरपालिका वडा नम्बर ४ का जयराम रायमाझी प्रथम भएका छन् । थाहा नगरपालिका वडा नम्बर १ ओखर वजारमा भएको प्रतियोगितामा रायमाझीले निर्धारित दुरी १ मिनेट १२ सेकेन्डमा पुरा गरी १६ प्रतियोगिलाई पछी पार्दै उपाधि हात पारेका हुन् । रायमाझीलाई टाइम्स अटो हब होन्डाद्वारा पुरस्कार प्रदान गरेको छ ।

पालुङ जेसीज २०२२ का अध्यक्ष जयराम खत्रीको अध्यक्षता तथा जेसीज २०१४ का अध्यक्ष प्रदिप प्रधानको प्रमुख आतिथ्यमा भएको थियो ।

## दिवासेवा केन्द्रलाई आर्थिक सहयोग, खूल्ला दौडमा बर्तौला प्रथम

थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको सीताराम दिवासेवा केन्द्रका लागि आर्थिक सहयोग भएको छ । पालुङ जेसीज वर्ष २०२२ का अध्यक्ष जयराम खत्रीले आर्थिक सहयोग हस्तान्तरण गरेका हुन् । दिवासेवा केन्द्रमा २५ कार्तिकमा आयोजित कार्यक्रममा "सहयोग हस्तान्तरण" गरिएको महासचिव निरज रायमाझीले जानकारी दिए । सहयोग सहयोग रकम उपलब्ध भएपछि दिवासेवा केन्द्रका ज्येष्ठ नागरिकहरू खुशी भएका थिए ।

यसैबीच जेसीज सप्ताह अन्तर्गत २६ कात्तिक विहान भएको खुल्ला दौड प्रतियोगितामा निखिल बर्तौलाले प्रथम भएका छन् । बर्तौलाले निर्धारीत दुरी २१ मिनेट १९ सेकेन्डमा पार गरेका थिए । थाहाकै विजय सुनुवारले २१ मिनेट ३७ सेकेन्डमा निर्धारित दुरी पार गर्दै द्वितीय र २२ मिनेट ३७ सेकेण्डमा निर्धारीत दुरी पार गर्दै अजय कुमार श्रेष्ठले तेश्रो भएका थिए । विजयी खेलाडीहरूलाई थाहानगर खेलकुद विकास समिति संयोजक टिकाराम स्याङ्तानले नगद तथा प्रमाणपत्र प्रदान गरेका थिए ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।


थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।




# चन्द्रागिरि हिल्सले ३ महिनामा कमायो १ करोड ३१ लाख नाफा



◆ विकास संवाददाता

चन्द्रागिरि हिल्स लिमिटेडले चालु आर्थिक वर्ष २०७९/८० को प्रथम त्रैमासमा नाफामा रहेको वित्तीय विवरण प्रकाशित गरेको छ । कम्पनीले चालु आर्थिक वर्षको प्रथम त्रैमासमा १ करोड ३१ लाख ८ हजार रूपैयाँ मुनाफा आर्जन गरेको छ । गत आर्थिक वर्षको सोही अवधिमा कम्पनी २ करोड ३७ लाख ३२ हजार घाटामा रहेको थियो । १ अर्ब ५३ करोड ४० लाख ९१ हजार रूपैयाँ चुक्ता पूँजी रहेको कम्पनीको सञ्चित तथा जगेडा कोष भने ३८ करोड १३ लाख ३९ हजार नोक्सानीमा रहेको छ । गत असार मसान्तमा यस्तो नोक्सानी ३९ करोड ४४ लाख ३६ हजार रहेको थियो ।

आर्थिक वर्षको प्रथम त्रैमासमा १८ करोड ६४ लाख २२ हजार रूपैयाँ सञ्चालन आम्दानी गरेको कम्पनीले सर्भिस उपलब्ध गराउँदा २ करोड ३१ लाख ५७ हजार रूपैयाँ खर्च गरेको छ । यस्तै सञ्चालन तथा कर्मचारी खर्च ४ करोड ८५ लाख ३४ हजार रूपैयाँ छ ।यस्तै कम्पनीले बैंकको लोन वापत ६ करोड ८६ लाख ३९ हजार खर्च भएको छ । कम्पनीले २ अर्ब ३३ करोड ६५ लाख ५३ हार रूपैयाँ कर्जा सापटी लिएको छ ।

असोज मसान्तमा कम्पनीको प्रतिसेयर नेटवर्थ ७५ रूपैयाँ १४ पैसा रहँदा प्रतिसेयर आम्दानी वाषिर्किकृत ३ रूपैयाँ ४० पैसा रहेको छ ।


चन्द्रागिरीको भालेश्वर मन्दिर

## उत्पादन बढाऔं र मितव्ययी बनौं !

– स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
– आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं ।
– देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
– आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
– विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।
– अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

